नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ५६२

मितिः- २०८१/०३/१३
ने.सं. ११४४ तछलागा ६

श्री स्थानीय तह (सवै)

बिषयः नेपाल विद्युत प्राधिकरणको सम्पत्ति संरक्षण सम्वन्धमा ।

प्रस्तुत बिषयमा उर्जा,जलस्रोत तथा सिँचाई मन्त्रालय, कर्मचारी प्रशासन शाखाको प.सं.०८०/८१, च.नं. १०७६, मिति २०८१/०२/३० को पत्र यसैसाथ संलग्न गरी आवश्यक कार्यन्वयनको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

**बोधार्थ**
श्री उर्जा,जलस्रोत तथा सिँचाई मन्त्रालय
श्री सूचना तथा प्रविधि शाखा (मन्त्रालयको वेवसाईटमा अपलोड गरिदिनुहुन)

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

साधप मामिला

प.सं. ०८०/८१
च.नं. १०७६

मितिः २०८१।०२।३०

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौ ।

विषयः नेपाल विद्युत प्राधिकरणको सम्पति संरक्षण सम्बन्धमा ।

नेपाल विद्युत प्राधिकरणको च.नं. १२७८ मिति २०८१।०१।०९ को पत्रबाट नेपाल विद्युत प्राधिकरणका विभिन्न संरचनाहरु निर्माण गर्नका लागि नेपाल विद्युत प्राधिकरणले अधिग्रहण गरेको, नेपाल सरकारबाट स्वामित्व हस्तान्तरण भई प्राप्त हुन आएको तथा विभिन्न स्थानीय तहहरुबाट भोगाधिकार प्राप्त भई उपयोग भई रहेका जग्गा जमिनहरुमा पछिल्लो समय स्थानीय तहहरुबाट समेत सडक, कल्भर्ट, पार्क, मनोरञ्जन स्थल, धार्मिक सम्पदा निर्माण, जल विहार कार्य गराउने जस्ता प्रयोजनका लागि विद्युत प्राधिकरणको स्वामित्व तथा भोगाधिकारमा रहेका जग्गा जमिनहरुमा प्राधिकरणको स्वीकृति बेगर आफूखुसी स्थानीय स्तरको सरकारी कोषबाट बजेट विनियोजन गर्ने, संरचना निर्माण तथा सञ्चालनका लागि बोलपत्र आव्हान गर्ने प्रवृत्ति देखिन थालेको कारण प्राधिकरणको जग्गा जमिन तथा संवेदनशील संरचनाहरु नहर, बाँध, पोखरी, विद्युतगृह आदिमा जोखिम थपिदै गएको हुँदा नेपाल विद्युत प्राधिकरणको पूर्व स्वीकृति वेगर स्थानीय तहहरुबाट त्यस्ता गतिविधिहरु नगर्न तथा सार्वजनिक संस्थाको सम्पत्ति संरक्षण गर्न सहजीकरण गरिदिन लेखी आए बमोजिम तहाँ मन्त्रालय मार्फत सवै स्थानीय निकायहरुलाई जग्गा एवं संरचनाहरुको संरक्षणको लागि पत्राचार गरिदिनुहुन मिति २०८१।०२।२७ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

(गोपाल कडरिया)
शाखा अधिकृत

Website: www.moewri.gov.np Email:info@moewri.gov.np
फोन नं. ९७७-१-४२११५१६/४२११५३१/४२११४२६/४२११५२३/४२००१२२/४२११५०६/४२११५२५
फ्याक्स :९७७-१-४२०००२६/४२११५०५